# राज्य निर्देशित हिंसा : पोखरा चिप्लेढुंगाका सडक व्यापारी महिलाका अनुभव

सावित्री गौतम

## परिचय

म २०७१ सालको चैत २४ गतेको अपराह्न चिप्लेढुंगा, पोखराको विनायक सुपरमार्केट अगाडिको सडकपेटीमा तरकारी किन्दै थिएँ । तरकारी बेच्ने महिलाले एक प्रसंगमा भनिन्, "शहर त शपिङ मलवालाहरूको मात्र हुने भयो ।" उनको सोही वाक्य नै यो लेख जन्माउन प्रेरक बन्न पुग्यो । सडक पेटीमा सामान बेच्ने उनीहरूका सामान नगरपालिका कार्यालयबाट अनुगमनका नाममा दिनहुँ आउने नगर प्रहरीले खोसिदिनेतर्फ संकेत गर्दै उनले त्यसो भनेकी थिइन् । उनी तरकारी बेच्न बस्ने सडकपेटीको ठीक अगाडि विनायक सुपरमार्केट छ । नजिकै सेलवेज टावर र आर्चिज ग्यालरी नामका ठूला व्यापारिक भवन छन् । यस बाहेक महेन्द्रपुल चोकदेखि सिद्धार्थ चोक सम्मको लगभग ५०० मिटर बाटोमा अर्का दुई ओटा डिपार्टमेन्ट स्टोर—सेलवेज र मूनाल छन् । त्यसै क्षेत्रमा रत्न इम्पोरियम र पोखरा ट्रेड मल नामक ठूला बिक्रेताका साथै थुप्रै संख्यामा विभिन्न प्रकारका उपभोग्य सामग्री व्यापार हुने "मिनि मार्केट" हरू पनि छन् ।

संयोगवश, त्यही दिन एकै छिनपछि त्यही सडकपेटीमै भेटिएकी प्राध्यापक चन्द्रा भद्रालाई यो घटना सुनाउँदा उनले प्रतिक्रियामा भनिन् "म त यसलाई नगरपालिकाको 'आतंकवाद' भन्छु । कैयौँपटक सामान खोसिदिने नगर प्रहरीसँग लडेकी छु ।" हामीकहाँ एउटा वर्ग यस्तो पनि छ जसलाई शहरमा आश्रय लिएर वर्षौंसम्म बसे पनि शहरले कहिल्यै आफ्नो ठान्दैन । शहरका लागि बनाइने विभिन्न कल्याणकारी योजनामा उनीहरू कहिल्यै पर्दैनन् । उल्टो, शहर व्यवस्थापनको "ठेक्का" लिएका राज्यका निकायबाट सधैँभरि लछारपछार गरिने, सामान खोसिने र लखेटिनेजस्ता हिंसा सहेरै उनीहरू जीविका चलाउँछन्; छोराछोरी हुर्काउँछन् ।

महिनावारी तलब आउने र घरभित्र बसेर काम गर्न पाउने व्यवस्थित रोजगारीको अभावमा कथित गैरकानूनी रूपमा सडक व्यापार मार्फत जीविका चलाउने महिला र उनीहरूउपर सरकारी निकाय नगरपालिकाले गर्ने दुर्व्यवहार र हिंसा, उनीहरूले सडकमा व्यहोर्ने असुरक्षा नेपालको मात्रै कथा होइन । "अविकसित" देशहरूमा विकास र व्यवस्थित

*समाज अध्ययन* १२ : २५५–२७१, २०७४

शहरको नाममा सडक व्यापारीले भोग्ने हिंसा र दुर्व्यवहार उस्तै छन् । भारतको राजधानी नयाँ दिल्लीमा फेब्रुअरी १४, २०१३ मा सडकमा व्यापार गर्ने क्रममा आफूमाथि प्रहरी र नगरपालिकाका अधिकारीले गर्ने दुर्व्यवहार र यौनहिंसा समेतको विरोधमा त्यहाँका व्यापारी महिलाले प्रदर्शन गरेका थिए ।[१]

व्यापारी महिलाले नगर प्रहरीसँग सामान नखोसिदिन गरेको याचना वा खोसेपछि गरेको रुवाबासी पोखराका सडकमा शहरवासीले देख्ने नियमित दृश्य हुन् । दिनहुँजसो सडक व्यापारी महिलालाई नगरपालिका कार्यालयले खटाएका नगर प्रहरीले गरेको लछारपछार, अपमान र मर्यादाहीन व्यवहार देख्दा नेपालको संविधानमा मौलिक हकको रूपमा व्यवस्था गरिएको प्रत्येक व्यक्तिले "सम्मान पूर्वक बाँच्न पाउने हक" को सरासर अवमूल्यन भएको महसूस हुन्छ ।[२] देशमा समता, सहभागिता र सशक्तीकरणजस्ता कानूनी प्रावधान भए पनि त्यसको प्रभावकारी कार्यान्वयन भएको छैन । महिला र पिछडिएकाहरूलाई कम महत्त्व दिइने व्यवहार नगरपालिकाहरूमा अझै कायमै छ (गिरी २०६३) ।

सडकपेटीमा व्यापार गरेकै आधारमा नगर प्रहरीले महिला व्यापारीलाई गरिरहेको तँ-तँ, म-मको सम्बोधन र उनीहरूमाथि गरेको दुर्व्यवहार अत्यन्त अस्वाभाविक र अमर्यादित देखिन्छ । नगरपालिकाले "कुन कानून अन्तर्गत रहेर सडकपेटीमा व्यापार गर्नेलाई लछारपछार गर्न वा उनीहरूको सामान खोस्न पाउँछ ?" भन्ने प्रश्नमा नगरपालिकाका कर्मचारीहरूसँगै स्पष्ट जवाफ छैन । नगरपालिकाका निरीक्षण महाशाखा प्रमुख वसन्त चालिसेले, "स्थानीय स्वायत्त शासन ऐन, २०५५ अन्तर्गत शहर व्यवस्थापन शीर्षकमा रहेर नगरपालिकाको कर्मचारीको रूपमा काम गरेको र आफूखुसी यस्ता व्यापारीलाई हटाएको होइन" भने ।[३] तर उक्त ऐनमा कतै पनि "सडक व्यापार गैरकानूनी हो" भनेर लेखिएको छैन । सडक व्यापारलाई नगरपालिकाहरूले आफूखुसी "अवैधानिक" करार गर्दै सडकमा व्यापार गर्नेहरूमाथि हिंसा गर्दैआएका छन् ।

धेरैजसो महिला आफ्ना साना छोराछोरीलाई काखमा राखेर वा सडक वा सडकपेटीमै सुताएर व्यापार गरिरहेका देखिन्छन् । नाम नबताउने शर्तमा चिप्लेढुंगामै चना-चटपटे बेच्ने एक महिलाले भनिन्, "नगर प्रहरीले अबदेखि यहाँ बस्छेस् कि बस्दिनस् भन्दै धेरैबेर जोडले नाडीमा समातिराखे, नजिकै उभिएको छोरा आत्तिएर रुन थाल्यो ।" दिनदिनै आफ्नी आमालाई राज्यका निकायले लखेटेको, दुर्व्यवहार गरेको बालबालिकाले देखेका छन् । यस्ता बालबालिका अर्धनिद्रामा लछारपछार र त्रस्त हुँदै भागेको याद लिएर हुर्केका छन् ।

[१] http://nasvinet.org/newsite/nasvi-joins-one-billion-rising-campaign-against-violence-against-women/ मा उपलब्ध । नोभेम्बर २०, २०१७ मा हेरिएको ।

[२] हेर्नुहोस्, नेपालको संविधान २०७२ भाग ३ धारा १६ ।

[३] चालिसेसँग जेठ २३, २०७४ मा गरिएको कुराकानी ।

हुर्केपछि उनीहरूले राज्यका निकाय वा शहरलाई नै कसरी हेर्लान् ? यस्तो दृश्य दिनदिनै देखेर हुर्केका उनीहरूको मनोविज्ञान कस्तो हुँदो हो ?[४]

व्यापार-व्यवसाय सम्बन्धी आधिकारिक र औपचारिक संघसंस्थाको छातामुनि नअटाएका, त्यसैकारण राज्यका विभिन्न कल्याणकारी योजना अन्तर्गत कहिल्यै पर्न नसकेका, राज्यलाई प्रत्यक्ष कर नतिरिकन सडकपेटीजस्ता सार्वजनिक ठाउँ ओगटेर व्यवसाय गर्ने कारण उनीहरू सधैँभरि उपेक्षित र अपहेलित छन् । राज्यबाट पहिचान नगरिएका र राज्यको अभिलेखमा नसमेटिएका, नियमनमा नपरेका, कम लगानीमा सञ्चालन हुने विभिन्न खालका स्वरोजगार जस्तै, जुत्ता सिलाउने, पत्रपत्रिका बेच्ने वा सडकमा विभिन्न सामान बेच्ने मानिसहरूको संख्या नेपालमा बाक्लो छ । नेपालको सन्दर्भमा आर्थिक रूपमा सक्रिय जनसंख्याको ९६ प्रतिशत जनसंख्या अनौपचारिक रोजगारीमा संलग्न छ, जुन विपन्न वर्गको आम्दानीको मुख्य स्रोत हो (राउत र सुवाल सन् २००९) । औपचारिक रोजगारीभित्र नपरे पनि सडक व्यापार बहुसंख्यक शहरी विपन्नहरूका लागि जीविकाको बलियो आधार हो । दिनभरि सडकमा धेरै मान्छेको चहलपहल हुने समयमा लुकिछिपी र भागीभागी भए पनि सामान बेचेर उनीहरूले आफ्ना परिवार पालेका छन् । शहरका सडकहरूमा व्यापार गर्ने ती विपन्न शहरकै अन्य गरीबहरूका लागि खाद्यान्नदेखि लुगा र अन्य विभिन्न सस्तो उपभोग्य सामानका आपूर्तिकर्ता हुन् ।

यसप्रकार शहरी विपन्नको एउटा समूहले सडक व्यापार मार्फत आफ्नो गुजारा चलाएको मात्र छैन, शहरी विपन्नकै अर्को समूहको लागि सेवा प्रदान समेत गरिरहेको छ (भौमिक सन् २००५) । शहर व्यवस्थापनका लागि सडक व्यापारीलाई लखेट्ने बाहेक नगरपालिकासँग कुनै अर्को स्पष्ट कार्यक्रम छैन । बेलाबेला शहरभित्रै कुनै निजी वा संस्थागत जमीनमा

[४] बालमैत्री स्थानीय शासन, संभाग १ को बाल अधिकारको संरक्षण र प्रवर्द्धन उपसंभाग "ग" अनुसार नेपाल सरकारले असार २१, २०६८ मा "बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि" लाई मन्त्रिपरिषद्ले स्वीकृत गरेको छ । सो कार्यविधिलाई नगरपालिका स्तरमा सञ्चालन गर्नका लागि "बालमैत्री स्थानीय शासन नगर समिति" कार्यरत छ । उक्त समितिमा नगरप्रमुख, उपप्रमुख, नगरपालिकाले मनोनयन गरेको स्वास्थ्य संस्थाका प्रमुख वा प्रतिनिधि र जिल्ला शिक्षा कार्यालयका प्रमुख वा प्रतिनिधि रहन्छन् । बालमैत्री स्थानीय शासन अन्तर्गत बालबालिकाको शिक्षा, संरक्षकत्व र व्यक्तित्व विकासको अधिकार, बालबालिकासँग सम्बद्ध विषयगत क्षेत्रहरू, जस्तै सार्वजनिक भौतिक सुविधा सेवाहरू, भवन, विद्यालय, अस्पताल, उद्यान, मनोरञ्जनस्थल, सडकपेटी, क्रसिङ, आदिको उपयोगमा बालबालिकाको अधिकार सुरक्षित रहने आदि विषयहरूलाई "विकासको अधिकार" अन्तर्गत सुनिश्चित गरिएको छ । तर सडक व्यापारी महिलासँगै नगर प्रहरीको दुर्व्यवहार भोग्ने उनीहरूका छोराछोरी बालमैत्री स्थानीय सुशासन अन्तर्गत कतै पनि अटाएको जस्तो लाग्दैन ।

सडकमा व्यापार गर्नेहरूका लागि स्थायी रूपमा व्यापार गर्ने ठाउँ बनाउन उसले मध्यस्थता गरिदिएको उदाहरण छ । तर, ती जमीन पनि सम्बन्धित जग्गाधनीले अर्को प्रयोजनका लागि प्रयोग गर्न चाहेमा वा अचानक भाडा बढाइदिएर सो तिर्न नसक्दा व्यापारीहरूले खाली गर्नुपर्ने हुन्छ ।[५] स्थायी रूपमा व्यवस्थापन गरिएका ठाउँहरूमा पोखराका सडक व्यापारीहरू अटेका छैनन् । नगरपालिकाका कानून अधिकृत नारायण शर्माका अनुसार हाल पोखराको सडकपेटीमा व्यापार गर्नेको संख्या ७०० को हाराहारीमा छ र बर्सेनि यो संख्या बढ्दो छ ।[६]

सडक व्यापार र व्यापारीहरूबारे नगरपालिकासँग सम्बन्धित अधिकारीहरू र शहरवासीबाट समेत सुनिने सदाबहार भनाइ हो : यसले सडकपेटीमा आवतजावतका लागि बाधा उत्पन्न गरेको छ, दुर्घटना बढाएको छ, र साना बालबालिका तथा जेष्ठ नागरिकहरूका लागि आवागमन असजिलो बनाएको छ । त्यसमाथि, यसले शहरलाई सधैँभरि "कुरूप" बनाएको छ । त्यसैले, हरेकदिन कार्यालय समयमा सम्बन्धित नगरपालिकाले "शहर सुन्दर बनाउने अभियान" सञ्चालन गर्छन् । यस अन्तर्गत सडकमा व्यापार गर्नेहरूलाई लछारपछार गरिन्छ, लखेटिन्छ र उनीहरूका सामान खोसिन्छ ।

सडकपेटीमा व्यापार गर्ने आफूहरूजस्तै महिला "चिप्लेढुंगा वरिपरिमात्रै ५० जनाको हाराहारीमा" भएको उनीहरूको अनुमान छ । ती महिलाहरूले बताए अनुसार कुनै ठूला व्यापारीको पसलको बरण्डामा सामान राखेर व्यापार गरे बापत सम्बन्धित व्यापारीलाई प्रत्येक महिना केही रकम बुझाउनु पर्छ, जुन व्यापार तुलनात्मक रूपमा नगर प्रहरीहरूको आक्रमणबाट "सुरक्षित" हुन्छ । यी बाहेक, दिनभरि जोखिमपूर्ण तरिकाले भागाभाग गरेर सामान बेच्ने पुरुष व्यापारीको संख्या मुश्किलले १० जनाको छ । सडकमै व्यापार गर्नुमा र नगरपालिकाले "निर्दिष्ट गरिदिएका" ठाउँमा नजानुमा सडकपेटीका व्यापारी महिलाको आफ्नै

[५] पोखराको नयाँ बजारमा कृषि विकास बैंकको स्वामित्वमा रहेको खाली जग्गामा गण्डकी मिनी मार्केट र नेपाल वायुसेवा निगमको स्वामित्वमा रहेको जग्गामा पोखरा सस्तो बजार सञ्चालित छन् । नगरपालिकाका निरीक्षण महाशाखा प्रमुख चालिसेका अनुसार यी बजार बसाउनका लागि व्यापारी र जग्गाधनीबीच नगरपालिकाले समन्वय गरेको थियो । तर असार २०७४ मा नेपाल वायुसेवा निगमको जमीन भाडामा लगाउने ठेकेदार कम्पनीले "बढाइएको भाडादर नदिएको" भन्दै लामो समयसम्म तालाबन्दी गरेर व्यापारीहरूलाई छिर्न दिएको थिएन । माघ २०७४ मा "पोखरा सस्तो बजार" का टहराहरू भत्काएर कंक्रिटको संरचनायुक्त बजार निर्माण गरिसकिएको पाइयो । सो बजारका ठेकेदार युवराज खतिवडाका अनुसार शटर बुकिङका लागि न्यूनतम रकम रु. २ लाख र प्रतिशटर न्यूनतम भाडा रु. १० हजार तोकिएको छ (खतिवडासँग माघ १२, २०७४ मा गरिएको कुराकानी) ।

[६] शर्मासँग जेठ २०, २०७४ मा गरिएको कुराकानी ।

तर्क छ । उनीहरूका अनुसार ती ठाउँहरूमा सटर भाडाका लागि दुईदेखि पाँच लाखसम्म धरौटी राख्नुपर्छ र महिनैपिच्छे भाडा समेत तिर्नुपर्छ, जुन उनीहरूको हैसियतले भेट्दैन । चिप्लेढुंगा क्षेत्र पोखराको मुख्य बजार क्षेत्र हो । यो सम्भवत: पोखराभरिमै सबैभन्दा बढी चहलपहल हुने ठाउँ पनि हो । धेरैको चहलपहल हुने समयमा भागीभागी नै भए पनि केही घण्टामात्रै व्यापार गर्न सके पनि उनीहरूले छाक टार्न पुग्ने कमाइ गर्न सक्छन् । उनीहरूसँग नगरपालिकाले समन्वय गरिदिएका ठाउँमा लाखौँको लगानी गर्न सक्ने क्षमता छैन ।

सडकपेटीमै विभिन्न जोखिम व्यहोरेर व्यापार गरेर आफ्नो तहको उद्यमशीलता अपनाइरहेका र त्यसबाट उल्लेख्य आर्थिक प्रगति गरेका महिलाका केही उदाहरण पनि छन् । सडक व्यापारीबारे स्नातकोत्तर तहको शोधपत्र (पराजुली सन् २०१३) तयार गरेका अनिल पराजुली आफूले काठमाडौँमा सडक व्यापारबाटै छोरालाई एमबीबीएस पढाइरहेकी एक महिला र पोखरामा चारतले घर बनाएकी अर्की महिला समेत भेटेको बताउँछन् ।[७] त्यस्तै, *सेतोपाटी* अनलाइनमा "विमला दिदीको चिया पसल" शीर्षकको फिचरमा १५ वर्षअघि सानो छोरा पाल्नका लागि काठमाडौँको कान्तिपुर अस्पताल अगाडि ५०० रुपैयाँबाट चिया बेच्न शुरू गरेकी विमला पराजुलीको कथा प्रकाशित छ । उनी अहिले पुरानो बानेश्वरमा पक्की घरमा चिया पसल गर्छिन् । उनको मासिक आम्दानी ६० हजार रुपैयाँ छ । विमलाको भनाइमा उनले भक्तपुरमा दुई र तराईमा दुई ओटा घडेरी किनिसकेकी छन् (भण्डारी २०७३) । त्यस्तै, "एक बिरामी आमा जसले सडक पेटीमा मोजा बेचेरै छोरीलाई अमेरिका पढ्न पठाइन्" शीर्षकमा *लोकान्तर* अनलाइनमा दोलखाकी करुणा भण्डारीबारे फिचर प्रकाशित छ (थापा २०७४) ।

यो लेखको मुख्य उद्देश्य सडक व्यापारी महिलाको "सफलताका कथा" वर्णन गर्नुभन्दा पनि उनीहरूले सडकमा हरेक दिन गरिरहेको संघर्षको मानवीय पक्षलाई दर्शाउनु हो । यसको प्रमुख तर्क शहरी गरीबीको चपेटामा परेका र सडक व्यापार मार्फत अत्यन्त जोखिमयुक्त जीवनशैली अपनाउँदै बाँच्नका लागि संघर्षरत महिलाउपर राज्यले आफ्ना मातहतका निकाय मार्फत कसरी हिंसा गरिरहेको छ भन्ने तथ्य उजागर गर्नु हो । चिप्लेढुंगा क्षेत्रको सडकपेटीमा भेटिएका व्यापारी महिलामध्ये दिनभरिको व्यापारबाट दुई छाक टार्न सक्नु बाहेक अरू कुनै विशेष सफलताका कथा भएका महिला थिएनन् । जोखिम पूर्वक भए पनि उनीहरूले आफ्नो व्यापार मार्फत जसोतसो पेट पाल्ने कमाइ गरिरहेका थिए । निर्धक्क भएर व्यापार गर्न पाउने हो भने उनीहरूले पनि सडक व्यापारबाट मनग्य आम्दानी गर्न सक्ने थिए र माथि वर्णन गरिएका जस्तै सफलताका कथा उनीहरूका पनि हुन सक्थे भनेर अनुमान गर्न सकिन्छ । त्यसैले यो लेखको सहायक तर्क राज्यका कल्याणकारी र गरीबी निवारणका विभिन्न योजनामा कुनै हिस्सा नखोजी चुपचाप सडक व्यापार मार्फत

[७] पराजुलीसँग कात्तिक २४, २०७३ मा गरिएको कुराकानी ।

जीविका चलाइरहेका महिलाको प्रयासलाई राज्यले मानवीय नजरले हेरेमा उनीहरूको व्यापारलाई उद्यमशीलता र आर्थिक गतिविधिको रूपमा पहिचान गर्न सकिन्छ भन्ने सम्भावना तर्फको संकेत पनि हो ।

यो लेख कुनै “अनुसन्धान वृत्ति” वा “फेलोशिप” अन्तर्गत नभई व्यक्तिगत रुचिका आधारमा तयार पारिएको हो । सडकपेटीमा व्यापार गर्ने व्यक्ति र तिनमा पनि महिलाहरूबारे अनौपचारिक संवाद गर्न थालेकै बखतमा नगर प्रहरीले उनीहरूमाथि गर्ने दुर्व्यवहारलाई पहिलाभन्दा बढी गम्भीरता पूर्वक हेर्ने बानी पऱ्यो । सामान किन्ने बहानामा उनीहरूसँग नजिकिँदै गर्दा राज्यका निकायको नजरमा “अव्यवस्था” नाम पाएका यस्ता खालका अनौपचारिक रोजगारीमा संलग्न व्यक्तिका कस्ता-कस्ता पारिवारिक बाध्यता वा कथा रहेछन् भन्ने पनि थाहा भयो । लामो समय रेडियोमा मैले महिला स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा गर्भवती, सुत्केरी अवस्था र ३० वर्षको उमेर पार गरिसकेका महिलाको शरीरमा देखा पर्ने क्याल्सियमको कमी, ढाड दुख्ने र हड्डी खिइनेजस्ता समस्या, गह्रौँ सामान उचाल्दा हुनसक्ने पाठेघर खस्ने सम्मको जोखिम, आदिबारे चिकित्सकहरू बताउँथे । त्यसैकारण हुनसक्छ, सडकमा व्यापार गर्ने महिलाका यस्ता समस्या कति होलान् भन्नेतर्फ जिज्ञासा लाग्यो । भदौदेखि चैत २०७३ सम्म पोखराको चिप्लेढुंगा क्षेत्रमा व्यापार गर्ने ११ जना महिलासँग सामान किन्ने बहानामा गरिएका कुराकानीका आधारमा यो लेख तयार पारिएको छ । कुराकानी गरेकामध्ये धेरैजसो फलफूल व्यापारी थिए । ११ मध्ये १० जना महिला पोखरा बाहिरका थिए जो अवसर र जीविकाको खोजीमा परिवार सहित पोखरा आएका थिए । तीमध्ये कोही पतिले छोडेका, कोही पतिको मृत्यु पश्चात् एकल जीवन बिताइरहेका र कोही ज्यालादारी गर्ने मजदूरका पत्नी थिए । कुराकानी गरिएका मध्ये सबैभन्दा कम उमेरकी रीता क्षेत्री २२ वर्षकी थिइन् भने सबैभन्दा जेठी थिइन्, ४७ वर्षकी पार्वती त्रिपाठी । एकैछिन कुरा गरुञ्जेल पनि उनीहरू नगरपालिकाको गाडी वा नगर प्रहरी आउँछन् कि भनेर यताउता हेरिरहेका हुन्थे । नगरपालिकाको गाडी देखेपछि यी महिला सामानसँगै आफ्ना बच्चा पनि टिपेर भाग्थे । कुराकानी अधूरो रहने वा यसले गर्दा उनीहरू भागेर लुकेकै ठाउँमा गएर कुरा गर्नुपर्ने स्थिति समेत आएको थियो । नाम, उमेर, ठेगाना, परिवारमा को-को बस्छन्, डेरा र पसलबीच कति दूरी छ, यो व्यापारबाट के गर्नुहुन्छ, नगरपालिकाले सामान उठाएर लैजाँदा के गर्नुहुन्छ लगायतका प्रश्नहरू उनीहरूलाई सोधिएको थियो ।

## चिप्लेढुंगाका सडक व्यापारी महिलाको अवस्थाले देखाउने केही चित्र

बाग्लुङ स्थायी घर बताउने ३३ वर्षकी थुमा पौडेल चैत २०७३ मा सडकमा सुन्तला बेच्दै थिइन् । उनी आठ महिनाकी गर्भवती रहिछन् । सुन्तलाको सिजन थिएन, तर किन्ने

बहानामा बोल्न शुरू गर्दागर्दै नगरपालिकाको गाडी आइपुग्यो र उनी भागिन् । उनी भागेर अडिएको ठाउँमै गई सुन्तला छान्दै गफ गर्दा अचानक पेटतिर इशारा गरेर उनले भनिन् "हेर्नुस् न मेरो अवस्था यस्तो छ । पहिलाको छोरा तेह्र वर्षको छ ।" उनले बताए अनुसार पहिला उनीहरूको मासु पसल थियो, राम्रै चल्थ्यो । पसल मासिँदै गयो । ज्वरोले सिकिस्त हुँदा सिटामोल खान नपाउने अवस्था समेत आयो । त्यति बेला एकजना दिदीले निःशुल्क औषधि दिने एउटा संस्थामा पुऱ्याइदिइन् । उनले भनिन्, "श्रीमान्ले अर्को बिहे गरे । उसैसँग 'लागेर' पसलको हेरचाह गर्न छोडे । घाटा लागेर पसल सकियो । पछि उसले छोडेर गई । श्रीमान् ज्यामी काम गर्न थाले । काम गर्दागर्दै एकदिन छतबाट खसे । [छतबाट खसेर] छाती नै फुटेको थियो । दुई महिनाअघि [२०७३ माघमा] फेरि लडे । अहिले त ओल्टेकोल्टे पनि फर्काइदिनुपर्छ । बच्चा पेटभित्रै हुञ्जेल त जसरी नि काम गरौँला जस्तो लागेको छ ।" तर उनलाई सुत्केरी भएपछि के गर्ने भन्ने चिन्ता थियो । नगरप्रहरीले लखेट्ने क्रममा "डोको बोकेर भाग्दा [पेटमा] कति असर पऱ्यो होला भनेर पीर पर्छ । डाक्टरले गह्रुंगो भारी नउचाल्नू, उचाल्नै परे पनि २० किलोभन्दा बढीको नउचाल्नू भनेका छन् ।" तर उनको भारी सामान्यतया २५ किलोको हुन्छ । आठ महिनाको गर्भ भएको पेटमा दिनभरि डोको अड्याएर बस्नु उनका लागि यसै पनि गाह्रो काम थियो । "त्यहीमाथि दौडनुपर्दा त [गर्भको बच्चालाई] केही भयो कि भनेर डर लाग्छ । रातभरि खुट्टा झमझमाएर निदाउनै सक्दिनँ । सुत्केरी हुने बेलाको खर्चको जोहो गर्नका लागि काम गरिराखेकी छु । खुत्रुकेमा दिनको असी नब्बेदेखि सय रुपैयाँसम्म जम्मा गरिराखेकी छु । यिनै [सडकमा व्यापार गर्ने महिला] साथीहरूले 'हामी पनि हजार–बाह्र सय सहयोग गरौँला नि' भनेका छन् ।" पोखराको पर्स्याङमा रहेको उनको डेरा र चिप्लेढुंगासम्म व्यापार गर्ने ठाउँको दूरी पैदल हिँड्दा आधा घण्टाको छ । त्योभन्दा अघि उनी नयाँ बजारको तरकारी तथा फलफूलको थोक बजारमा फलफूल खरिद गर्न जान्छिन् । त्यहाँ पुग्न उनलाई पर्स्याङबाट अन्दाजी एक घण्टा लाग्छ । त्यहाँबाट २५ किलोको फलफूल सहितको डोको बोकेर फेरि चिप्लेढुंगा आइपुग्न उनलाई कम्तीमा अर्को आधा घण्टा लाग्छ ।

थुमाले लोग्ने र छोरासहित गाउँ छोड्नुको कारण चरम गरीबी बाहेक अरू केही थिएन । उनको भनाइ अनुसार गाउँमा खरको झुपडी बाहेक खान पुग्ने गरी आम्दानी हुने जग्गाजमीन छैन । सानैमा बाबुआमा बिते । दाइ भारतमा मजदूरी गर्छन् । माइतीको आडभरोसा भनेको दाइले कहिलेकाहीँ आउँदा भेटेर दिने हजार-पन्ध्र सय रुपैयाँ मात्र हो । "तँलाई गाह्रो छ, म पनि यहाँभन्दा बढी गर्न सक्दिनँ । [हामी] अभागी रहेछौँ," थुमा आफ्नो दाइको भनाइ सुनाउँछिन् । बाल्यकालको सम्झना गर्दै उनले भनिन्, "पढ्ने असाध्यै रहर थियो । तर आमाबाबु बितेपछि पढ्न पाइनँ । दाइ र बहिनीलाई पढाएँ र घरको कामको जिम्मा मैले

लिएँ । स्कूल जाने बेला मलाई मेरा साथीहरू बोलाउँदै हिँड्थे । उनीहरूले नदेखुन् भनेर म करेसामा लुक्थेँ र रुन्थेँ । दाइ भन्नुहुन्छ, 'तँलाई कहिले सुख लेखेको रहेनछ' ।"

थुमा पौडेलकै नजिक स्याउ बेचिरहेकी कमला तिमिल्सिनालाई "श्रीमान् के गर्नुहुन्छ ?" भनेर सोध्दा अकमकाइन् । "जे हो त्यही भनन, के लाज मान्छौ ?," वरिपरिका साथीले सम्झाएपछि उनले भनिन्, "श्रीमान् छन् भनुँ कि छैनन् भनुँ । मन लागे घर आउँछन् मन नलागे आउँदैनन् । एकदुई महिनामा एकपटक आए पनि जाँड खाएर आउँछन् । तीनजना केटाकेटी पाल्ने र बाँकी सबै खर्च यहीबाट चलाउँछु । नगरपालिकाले सामान लगेको दिन त रातभरि रुन्छु । उपाय भए त कसलाई यसरी दिनहुँ बेइज्जत हुने रहर थियो र ? मेरा बच्चाहरूको गास खोस्ने नगर प्रहरीलाई कहिले खान नहोस् भनेर श्राप मात्रै दिइराख्छु ।"

पार्वती त्रिपाठीका श्रीमान्को घुँडा दुख्ने समस्या छ । गर्मीमा उनी जसोतसो आँगनसम्म आउँछन् । जाडोमा घर भित्र-बाहिर समेत गर्न सक्दैनन् । उनका दुई छोरा छन्, १२ र ८ कक्षा पढ्ने । दुई छोराको पढाइ लगायत सबै खर्च उनले दिनभरि सडकमा भागाभाग गरेर कमाएको चार–पाँच सय रुपैयाँले नै चलाउने हो । नगरप्रहरीले खोसिदिएको दिन त त्यही पनि जान्छ । "नगरपालिकाले सामान खोसिदिएको दिन कस्तो लाग्छ ?" भन्ने प्रश्नको जवाफमा उनले भनिन्, "घरमा कसैको पनि मुखबाट [भातको] गास निलिँदैन ।"

२४ वर्षकी रमा बुढाथोकी/सापकोटा चियाखाजाको होटल चलाउँथिन् । होटल चल्न छोड्यो । श्रीमान्ले "तैँले गर्दा घाटा परेको हो, तैँले नै कमाएर देखा" भने । आफैले चलाउन नजानेर घाटा पारेको रकमको क्षतिपूर्ति श्रीमान्लाई दाखिला गर्ने अठोटका साथ उनी चिप्लेढुंगामै फलफूलको क्रेट लिएर बस्न थालिन् । शुरूशुरूमा मास्कले मुख छोपेर बस्ने उनलाई एकदिन फलफूल किन्ने बहानामा जिस्काएँ, "त्यस्तो राम्रो अनुहार मास्कले किन छोप्नुभएको ? अनि तपाईंले मास्कले मुख छोपेपछि को किन्न आउँछ त ।" त्यसपछि मात्र लजाउँदै र मुस्काउँदै उनले आफ्नो कथा बताइन् । श्रीमान् "जे भेट्यो त्यही" काम गर्छन् । पाँच वर्षको छोरालाई स्कूल पुऱ्याएर उनी सडकमा आउँछिन् । बेलुका छोरालाई घरसम्म पुऱ्याइदिन नजिकैका एकजना भाइले सहयोग गर्छन् । उनका अनुसार होटेलबाट घाटा लागेको लगभग एकलाख रुपैयाँ नउठेसम्म अरू उपाय नै छैन ।

"श्रीमान् ज्यामी काम गर्नुहुन्छ, दुई जना छोरा छन् ।" लमजुङबाट पोखरा आएकी सरला सोतीले भनिन्, "स्याउ, अनार वा अंगुरजस्ता महँगा फलफूल भएको दिनमा त आठ हजार रुपैयाँसम्म पनि लगानी परेको हुन्छ । ऋण खोजेर जुटाउनु पर्छ । यही व्यापारमै कति धेरै ऋण छ, अरू काम के गर्ने त्यसबारे त सोच्न पनि सकिँदैन । के काम गर्ने थाहा पनि छैन, पैसा पनि छैन ।" सरला र अरू महिलाको भनाइमा नगरप्रहरीले सामानको क्रेट खोसिदिएपछि उनीहरू थप ऋण खोज्छन् वा आफूले सामान किन्ने साहुसँग केही दिनका लागि उधारो दिन अनुरोध गर्छन् ।

## *गरीबीको महिलाकरण*

महिला अध्ययनमा एउटा शब्दावली हुन्छ, "गरीबीको महिलाकरण," जसले भन्छ, "गरीबीमा महिलाको अनुहार देखिन्छ ।" संसारभरि नै पुरुषको दाँजोमा महिलाले आफ्ना लागि अवसर र छनोटको मौका कम पाउँछन् । विशेष गरी विकासशील देशहरूमा यसको असर उनीहरूको जीवनभरि नै रहन्छ । गरीबीमा हुर्केका उनीहरूको शिक्षा र पोषणमा परिवारले लगानी गरिदिँदैन । असाक्षरता र अज्ञानको शिकार बनेका उनीहरू भविष्यमा सम्मानजनक जीवन बाँच्ने अधिकारबाट त वञ्चित रहन्छन् नै, पर्याप्त खान नपाएका कारण कुपोषण र कमजोर स्वास्थ्यको शिकार बन्छन् र चालीस वर्ष पुग्नुअघि नै ज्यान समेत गुमाउन पुग्छन् (फुकुदा-पार सन् १९९९) । नेपाल जस्तो देशमा परिवार जतिसुकै गरीब होस् बच्चाबच्चीको "मुखमा माड लगाउने" मुख्य जिम्मेवारी आमा (महिला) कै थाप्लोमा हुन्छ । मजदूरी गरेको पैसाले बेलुका रक्सी खाएर घर पुगेका, बच्चा हुर्काउनको दुःखले घर छोडेर भागेका वा अर्को श्रीमती लिएर हिँडेका नेपाली बाबुहरूभन्दा यस्ता आमाहरूका उदाहरण थोरै छन् । चिप्लेढुंगाका सडक व्यापारी महिलाको कहानीले ठ्याक्कै यही "गरीबीको महिलाकरण" को चित्र देखाउँछ ।

## *कमजोर शारीरिक र मानसिक स्वास्थ्य*

चिप्लेढुंगाको सडकमा व्यापार गर्ने महिलालाई भेट्दा उनीहरू सधैँ अत्तालिएको मनस्थितिमा हुन्थे । फलफूल किन्ने ग्राहकसँग पनि राम्ररी बोल्न सक्ने हालतमा हुँदैनथे । कतिखेर, कताबाट नगरपालिकाको गाडी आउँछ र भाग्ने भन्ने ध्याउन्नमा मात्र रहन्थे । उनीहरूको शारीरिक अवस्था पनि कमजोर र जोखिमयुक्त समेत रहेको उनीहरूको भनाइबाट थाहा हुन्छ । उनीहरूले पेटमा गह्रुँगो डोको अड्याएका हुन्छन् । काँधबाट छड्के गरेको नाम्लो अगाडि पेटमा र पछाडि ढाडमा हुन्छ । पेटमा डोको अड्याएर दिनभरि बस्दा गह्रुँगो वजनका कारण ढाड दुख्ने लगायतका समस्या हुन्छन् । इन्द्रा थापाले भनिन्, "रातभरि काँधका पाता दुख्छन् ।" सँगै उभिएकी सरला सोतीले भनिन्, "घुँडा दुख्छ ।" उनीहरूले लामो समय पिसाब गर्न समेत पाउँदैनन् । कहिलेकाहीँ बिहान नौ बजेबाट साँझ साढेसात आठ बजेसम्म पनि पिसाब रोक्नुपर्ने हुन्छ । बालिका थपलियाले भनिन्, "एकदिन १२ घण्टासम्म पिसाब च्यापेछु, घर पुग्दा त कोखा दुखेर बेहोस हुँलाजस्तो भएको थियो ।" उनीहरूले बताए अनुसार कहिलेकाहीँ नजिकैका होटेल रेष्टुरेन्टमा केही खाएजस्तो गरेर एकपटक शौचालय प्रयोग गरे पनि बारम्बार त्यसो गरिरहन सम्भव हुँदैन । दिनको एकैपटक मात्र पनि रेष्टुरेन्ट गएर खाजा खान उनीहरूको आर्थिक क्षमताले भ्याउँदैन । यस बाहेक सडकमा व्यापार गर्ने अधिकांशलाई घाम र धुवाँधुलोका कारण दाद, डण्डीफोर र चायाँपोतोको समस्या, लामो समय सडककिनार बस्दा छालाका अन्य रोगहरूको सम्भावना त छँदैछ ।

काठमाडौँ रत्नपार्कको सडकमा चिया बेच्ने ओखलढुंगाका मणिराम ढकाललाई उद्धृत गर्दै *इकान्तिपुर* डटकममा फातिमा बानुले लेखेको समाचारमा भनिएको छ, “शौचालय नजिक छैन, पानी खाँदिनँ, डाक्टरले मृगौला खराब हुन लागेको छ भनेका छन्” (बानु २०७४) ।

## *मर्यादा र मनोविज्ञान*

कमला तिमिल्सिनाले दिनहुँ सामान खोस्ने नगर प्रहरीबारे भनिन्, “जंगली जनावरले झैँ झम्टिन्छन् । एकचोटि भागेपछि मानवताको नाताले छोडिदिए पनि त उनीहरूको जागिर जाँदैन । अत्यन्त नाजुक अवस्था भएरै बाटोमा बसेको हो ।” बालिका थपलियाले भनिन्, “अघिल्लो दिन सामानका क्रेट खोसिदिएपछि हामी भोलिपल्ट नगरपालिकामा क्रेट लिन जान्छौँ । त्यहाँ पनि हामीलाई असाध्यै नराम्रो व्यवहार गर्छन् । त्यही भएका कुर्सीमा बस्न समेत दिँदैनन् । ‘उठ्’ भन्छन् ।”

यीभन्दा बढी दर्दनाक थिए सडकमा व्यापार गर्ने महिलालाई “नगरपालिकाले सामान खोसिदिएपछि कस्तो लाग्छ ?” भन्दा उनीहरूका छोराछोरीले भनेको कुरा । आठ महिनाकी गर्भवती थुमा पौडेलले भनिन्, “छोराले मम्मी तपाईं सुत्केरी हुँदा हामीले के खाने भन्छ । मलाई एसएलसी पास गर्न दिनुस् । त्यसपछि पत्रिका बेचेर भए नि पाल्छु भन्छ । सामान खोसिएर घर गएको दिन आमा छोरा मिलेर सँगै रुन्छौँ ।” पार्वती त्रिपाठीले भनिन्, “सामान खोसिएको कुरा घरमा कसैले थाहा नपाओस् भनेर एक दुई घण्टा यतै ‘फ्रेश’ भएर जान्छु, तर कसोकसो जेठो छोराले थाहा पाइहाल्छ ।” उनले १२ पढ्दै गरेको जेठो छोराको भनाइ सुनाइन्, “दुई वर्ष मात्रै कुर्नुस् आमा, त्यसपछि भातसम्म खान त म पनि पुऱ्याउँला नि ।”

सडकमा व्यापार गर्ने सबैजसो महिलाको अर्को गुनासो नगर प्रहरीले “सिभिल ड्रेस” मा समेत आएर सामान खोसिदिएको बारे थियो । “नगरपालिकाको गाडीमा आउँदैनन्, कहिलेकाहीँ ट्याक्सीमा समेत आएर पछाडिबाट खोसिदिन्छन् । कहिलेकाहीँ भागेर वरिपरिका घरका तीन तलामाथि पुग्दा समेत त्यहीँ गएर लछारपछार गरी सामान खोस्छन् ।” यस बारेमा सोध्दा नगरपालिकाका कानून अधिकृत नारायण शर्मा भन्छन्, “शुक्रबारको दिन त्यसो गरे होलान्, शुक्रबार ‘युनिफर्म’ अनिवार्य नहुने, कहिलेकाहीँ भनेको बेला गाडी पनि उपलब्ध नहुने हुनाले त्यस्तो भएको हुनसक्छ ।” तर नगरपालिकाका निरीक्षण महाशाखा प्रमुख वसन्त चालिसे भने आफूले उनीहरूलाई “त्यसो गर्ने अधिकार दिएको” बताउँछन् । “नगरपालिकाको गाडी टाढैबाट देखेपछि उनीहरू भागिहाल्छन् र एकैछिनमा आएर बस्छन् । त्यसैले उनीहरूलाई सिभिल ड्रेसमा र अन्य गाडीमा पनि जाने र सामान खोस्ने अधिकार छ ।” चालिसेले सडक व्यापारीहरूलाई “अतिक्रमणकारी” र उनीहरूका कथालाई “नाटक” बताउँदै निर्ममता पूर्वक भने, “यिनीहरूलाई कुनै दया-माया देखाउनु जरुरी छैन । धेरै मान्छेले सुख पाउने कुरामा थोरै मान्छेको दुःख हेर्न मिल्दैन ।” सडक

व्यापारीउपर गरिने व्यवहारबारे प्राध्यापक भद्राको "नगरपालिकाको आतंकवाद" भन्ने टिप्पणीबारे सोध्दा उनले भने, "आफ्नो आफ्नो तरिका हो परिभाषित गर्ने । सडकलाई व्यापारको लागि हामी पैसा तिरेर पनि उपयोग गर्न दिँदैनौँ ।"[८]

## सडकको अर्थशास्त्र

"घर पायकको रोजगारीबाट घर-घरमा रकम छिर्नु, बालबच्चाको स्वास्थ्य र शिक्षाका लागि महिलाको हातमा रकम आउनु सामाजिक दृष्टिले उपयोगी हुन्छ । यो स्वावलम्बी र समावेशी आर्थिक वृद्धिको माध्यम हो । यस प्रकारको सशक्तीकरण र स्वावलम्बनले विकासका अरू उपलब्धिमा पनि टेवा दिन्छ ।"[९] राष्ट्रिय योजना आयोगका तत्कालीन सदस्य स्वर्णिम वाग्लेको यो व्याख्याको सैद्धान्तिक फ्रेमभित्र चिप्लेढुंगाको सडकमा व्यापार गर्ने महिला अटाउलान्, तर व्यवहारमा अटाउँदैनन् । औपचारिक रूपमा रोजगारीको मान्यता नपाएको र "गैरकानूनी" भनिने उनीहरूको घरपायकको रोजगारी, आत्मनिर्भरता र स्वावलम्बन सधैँभरि जोखिममा छ । यो व्यापारलाई कहिले पनि सशक्तीकरण र समावेशी आर्थिक वृद्धि, वा "विकासका अरू उपलब्धिमा टेवा दिने स्वावलम्बन" मा गणना गरिँदैन, बरु "दण्डनीय कार्य" को रूपमा चित्रित गरिन्छ । देशमा गरीबी निवारणका लागि बनाइने ठूल्ठूला सरकारी गैरसरकारी योजना तथा परियोजनामा उनीहरू न कहिले पर्छन् न उनीहरूले आफै आफ्नो गरीबी निवारणका लागि गरेका योगदान गरीबी निवारणका उपलब्धिका तथ्यांकमा गणना हुन्छन् । शहरवासीको गरीबी निवारण र शहरको आर्थिक वृद्धिबारे कुरा हुँदा अत्यन्त जोखिमका साथ आफ्नो परिवारको आर्थिक अवस्थामा सुधार गरेका उनीहरूले आफ्नो आर्थिक वृद्धि आफै कसरी गरे भनेर कहिल्यै छलफल हुँदैन । सधैँभरि "सडक अतिक्रमणकारी" कै रूपमा उनीहरू परिचित रहिरहन्छन् ।

चिप्लेढुंगाका महिलाहरूले बताए अनुसार एक डोको सामानको लागि सामान्यतया २,५०० देखि ८,००० रुपैयाँ सम्मको लगानी परेको हुन्छ । केही व्यापारी महिलाहरूले नगर प्रहरीहरूलाई आरोप लगाए कि उनीहरूसँग फलफूल खोस्छन् र भाटभटेनी [सुपरमार्केट] मा तथा तरकारी फलफूलको थोक बजार नयाँ बजारस्थित सब्जीमण्डीमा लगेर बेच्छन् । उनीहरूका सामानका क्रेट नगरपालिकामा लगेर राखिन्छन् भोलिपल्ट सडकमा व्यापार नगर्ने शर्तमा १,०००–१,५०० रुपैयाँ तिरेर उनीहरूले ती क्रेटहरू फिर्ता पाउँछन् । "किन यसरी दुर्व्यवहार सहेर पनि यहीँ बस्नुहुन्छ त ?" भन्ने प्रश्नको जवाफमा सबैजसो भन्छन्,

[८] चालिसेसँग जेठ २३, २०७४ मा गरिएको कुराकानी ।

[९] कात्तिक २७, २०७३ मा कान्तिपुर टेलिभिजनबाट प्रसारित 'घले गाउँको होम स्टे, पर्यटन अर्थतन्त्रमा महिला' शीर्षकको *समकोण* कार्यक्रममा अर्थशास्त्री तथा राष्ट्रिय योजना आयोगका तत्कालीन सदस्य स्वर्णिम वाग्लेद्वारा व्यक्त भनाइ ।

"मान्छेको आवतजावत धेरै हुने ठाउँमा बसे भागीभागी भए पनि दुई–चार सय भए नि व्यापार हुन्छ ।" यसै पनि पोखरामा फागुनको अन्तदेखि लगभग हरेक दिनजसो झरी पर्छ । कमला तिमिल्सिनाले भनिन्, "झरी परेका दिन त यसै नि बिजनेस हुँदैन ।"

## *उद्यमशीलताको द्वैध परिभाषा*

उद्यमशीलतालाई नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित नेपाली बृहत् शब्दकोशले "जीविकाका लागि गरिने उपार्जन, व्यापार पेशा वा व्यवसाय" भनेर परिभाषित गरेको छ । सामान्यतया उद्योग व्यवसायमा महिलाको पहुँच वा नियन्त्रण नहुने परम्परा भएको नेपाली समाजमा यतिखेर देशभरिका उद्योगी-व्यवसायीहरूको छाता संगठन नेपाल उद्योग वाणिज्य महासंघकी प्रथम महिला अध्यक्षको रूपमा भवानी राणा चयन भएकी छन्, जसलाई सराहना गरिएको छ । पारम्परिक पुरुषप्रधान संरचनालाई चुनौती दिँदै परिवारको आर्थिक व्यवस्थापन महिलाले पनि गर्न थालेको, घर बाहिर निस्केर गरिने व्यापार व्यवसाय लगायतमा उनीहरूको सहभागिता र दक्षता बढ्दै गएको हालको समयमा राणाको यो नेतृत्व देशभरिका उद्योगी-व्यवसायी महिलाको लागि हौसलाको कुरा हो । तर ठूलो लगानीमा, शहरका व्यवस्थित भवन वा कार्यालयमा, कुनै संगठित संघसंस्थाको संरक्षणमा, पारिवारिक पूँजीको उपयोग गरेर व्यापार-व्यवसाय गरिरहेका महिलाको उद्यमशीलतालाई जसरी प्रशंसा गरिएको छ, त्यसको विपरीत यी सबै बिना नै अत्यन्त धेरै परिश्रम र जोखिमका साथमा सडकमा व्यापार गर्ने बहुसंख्यक महिलामाथि दिनहुँ अमर्यादित व्यवहार गरिन्छ । उनीहरूको यो परिश्रम र आर्थिक प्रगति उद्यमशीलताको रूपमा कहिल्यै गणना हुँदैन ।

## *पूँजीवादको कुरूप अनुहार*

चिप्लेढुंगाको सडक पेटीमा दिनहुँ दुर्व्यवहार सहेर व्यापार गरिरहेका सबैजसो महिलाले भनेका छन्, "गाउँमा खान पुग्ने भएको भए आउने थिएनौँ ।" स-साना नै भए पनि गरीखान मिल्ने र हातमा दुई–चार रुपैयाँ पर्ने कामका अवसरहरू तुलनात्मक रूपमा शहरमै बढी छन् । यसै कारण जीविकाको खोजीमा हरेक वर्ष हजारौँ व्यक्ति र परिवारहरू गाउँ छोडेर शहर भित्रन्छन् । गाउँबाट शहरतिर श्रमको बहाव बढ्नुमा उनीहरू मात्रै दोषी नभई विकासको पूँजीवादी चरित्र पनि जिम्मेवार छ (सुवेदी २०६३) । प्राध्यापक चन्द्रा भद्रा सडकमा व्यापार गर्ने महिलालाई दिनहुँ दुर्व्यवहार गर्ने तर नगरपालिकाकै भवन अगाडिको सडकपेटी सहित लगभग आधा सडक ढाकेर पार्किङ गरिने सवारी साधनहरूबारे नगरपालिका चुप बस्नुलाई "पूँजीवादको कुरूप अनुहार" भन्छिन् । भद्राको भनाइमा यो ठूलो पूँजीले सानो पूँजीलाई कसरी विस्थापित गर्छ र साना पूँजी मार्फत जीविका चलाउने विपन्नहरू कसरी मारमा पर्छन् भन्ने कुराको उदाहरण हो । भद्राका अनुसार सडक व्यापारीको संख्या बर्सेनि

घट्नेभन्दा बढ्दै जाने भएकाले यसको समाधान लछारपछार र दुर्व्यवहार होइन । भद्राको सुझाव छ, “बरु नगरपालिकाले दिनको दुई–तीन घण्टाको कुनै समय निर्दिष्ट गरिदिएर उनीहरूलाई निर्बाध व्यापार गर्नका लागि छुट दिँदा हुन्छ ।”[१०] तर पोखरा लेखनाथ महानगरपालिकाका नवनिर्वाचित प्रमुख मानबहादुर जिसीलाई सोध्दा उनले “सडक व्यापार गैरकानूनी भएको र नगरपालिकाले कानूनको सीमामा रहेर नै काम गर्नुपर्छ” भन्ने जवाफ दिए । शहरको अस्तव्यस्त पार्किङप्रति कुनै कडाइ नगरेको बारे सोध्दा चाहिँ उनले भने, “सडकमा शून्य पार्किङको नीतिलाई नगरपालिकाले नगर परिषद्बाट पारित नै गरिसकेको छ । निजी क्षेत्रलाई पार्किङको व्यवस्थापन गर्न दिने नगरपालिकाको योजना छ । अर्को व्यवस्था नहुञ्जेल सडकमा पार्किङ गर्न दिइराखिएको हो ।” तर त्यो “अर्को व्यवस्था” कहिलेसम्म भइसक्ने भन्नेबारे भने उनले केही बताएनन् । “त्यसो भए सडकमा व्यापार गर्नेहरूलाई पनि अर्को व्यवस्था नहुन्जेल यत्तिकै छोडिदिन मिल्दैन ?” भन्ने प्रश्नको उनीसँग जवाफ थिएन । यसबारे उनले भने, “त्यस्ता तपाईंले भनेजस्ता अति विपन्न महिलालाई जम्मा पारेर नगरपालिकामै लिएर आउनुस् न एकदिन, कुरा गरौँ । उनीहरूका लागि तत्काल केही अल्पकालीन व्यवस्था गर्नेबारे योजना बनाउन सकिन्छ कि ?” नगरप्रमुख जिसीको भनाइ अनुसार दीर्घकालीन रूपमा भने शहरलाई सडक व्यापार रहित बनाउने नै नगरपालिकाको लक्ष्य हो ।[११]

## “स्मार्ट” नगरका अनागरिक

वैशाख ३१, २०७४ मा भएको स्थानीय निकायको निर्वाचन अन्तर्गत पोखरा लेखनाथ महानगरपालिकाको चुनावमा सबैजसो नगरप्रमुखका उम्मेदवारहरूका घोषणापत्रमा पोखरालाई “स्मार्ट शहर” बनाउने नारा बाँडिएको थियो । मेयर जिसी आबद्ध दल नेपाल कम्युनिष्ट पार्टी एकीकृत मार्क्सवादी-लेनिनवादी (नेकपा एमाले) द्वारा जारी स्थानीय तह निर्वाचन २०७४ को घोषणापत्रको “महानगर विकासमा हाम्रा नीतिहरू” शीर्षक अन्तर्गत बुँदा नं. ३ मा पनि यही कुरा उल्लेख छ (नेकपा एमाले २०७४) । सबैजसो शहरलाई “स्मार्ट शहर” बनाउने भन्दै शहरसँग सम्बन्धित राज्यका सरोकारवालाहरूले पहिलो निशाना बनाउने भनेको सधैँभरि सडकमा व्यापार गर्ने निमुखा र विपन्न व्यापारीलाई नै हो । शहरभित्रका विपन्नहरूको बाँच्न पाउने अधिकार प्रत्याभूत हुने कि नहुने, सम्बन्धित शहरका सम्पन्न नागरिकको मात्रै नभई अति विपन्न नागरिकको पनि अधिकार रक्षाको जिम्मेवारी राज्यका निकायको हो कि होइन भन्ने प्रश्नमा चाहिँ नगरपालिका सधैँभरि मौन छ । पोखरा बजारका सडक व्यापारीको मामलामा पनि नगरपालिकाले उनीहरूलाई

[१०] भद्रासँग असार १७, २०७४ मा गरिएको कुराकानी ।

[११] जिसीसँग जेठ २१, २०७४ मा गरिएको कुराकानी ।

सकेसम्म खेद्ने, लखेट्ने र त्यसछि जरिवाना तिराउने बाहेक अन्य मानवीय दृष्टिकोणबाट सोचेको देखिँदैन । शहरी सुशासन भनेको दण्डसजाय र कागजी नीति-नियमभन्दा बढी पनि केही हो । यसले विकासको सरोकारलाई स्थानीयकरण मात्र नगरी शहरका अवसर, चुनौती र समस्याहरूलाई विशेष रूपमा हेर्छ (गिरी २०६३) ।

नगरपालिकाका कानून अधिकृत नारायण शर्मासँग फुटपाथ व्यापारी महिलाको अप्ठ्याराबारे कुरा गर्दा उनले भने, "शहरमाथि पहिलो अधिकार पोखरा लेखनाथ नगरपालिकाका ३३ ओटा वडाका [आधिकारिक] वडावासीको हुन्छ ।" पचहत्तरै जिल्लाका मान्छे आएर पोखरामा थुप्रिएका कारण सडक व्यापारीको संख्या पनि बर्सेनि बढ्दै जाने र यो समस्या समाधानमा गाह्रो परिराख्ने उनको भनाइ थियो । शर्माका अनुसार बसाइँसराइको प्रमाणपत्र भएमा उनीहरूले पनि नगरपालिकाले विपन्न नागरिकका लागि व्यवस्था गरेका सुविधा वा सहुलियतमा हिस्सेदारी पाउँछन् । तर शर्माले बताएको यो प्रावधान शहरमा घरजग्गा किनेर यतैको स्थायी बासिन्दाको परिचय बनाएकाको लागि मात्र हो । आफ्नो थातथलो छोडेर शहर भित्रिएका र सडकमा व्यापार गरेको कमाइले दुई छाक खान समेत धौ-धौ पर्नेहरूलाई नगरपालिकाको यस्तो प्रावधानले सम्बोधन गर्दैन । शर्माले जानकारी दिए अनुसार पोखरा लेखनाथ नगरपालिकाका विभिन्न योजनाहरूमध्ये नगर क्षेत्रलाई ट्र्याक्टर, पार्किङ, ठेला र सडक व्यापार रहित बनाउने योजना पनि हो । पोखरा पर्यटकीय शहर भएका कारण यसको सुन्दरता जोगाउनु नगरपालिकाको दायित्व हो । नगरपालिकाका निरीक्षण महाशाखा प्रमुख वसन्त चालिसे पनि "शहरलाई सफा राख्दा, यदि सयमा नब्बे जनाको भलाइ हुन्छ भने दश जनालाई मर्का पर्नु स्वाभाविक हो" भन्छन् ।

## अन्तमा,

मानवले बाँच्नका लागि वा आफ्नो र परिवारको जीवनस्तर उकास्नका लागि देशभित्र मात्र होइन संसारकै एक ठाउँबाट अर्को ठाउँमा बसाइँ सर्नेक्रम निरन्तर छ । नेपालमा पनि पेट पाल्ने अवसरको खोजी गर्दै बर्सेनि हजारौँ मानिस गाउँबाट शहर पस्छन् । परिवारको पेट मात्रै पाल्नका लागि दिनरात संघर्ष गरिरहेकाहरूलाई महँगा भवनहरूमा र महँगो कर तिरेर व्यापार गर्न नसकेकै आधारमा नगरपालिकाले दुर्व्यवहार गर्नु अन्यायपूर्ण हो । यससँगै शहरका सम्पन्न र विपन्न दुवै थरी नागरिकको जीविकाको अधिकार रक्षाको जिम्मेवारी नगरपालिकाजस्ता राज्यका निकायको जिम्मेवारी हो कि होइन भन्ने प्रश्न पनि आउँछ । देश वा शहर बनाउने ठूला-ठूला योजनाहरूमा सडकमा साना-साना काम गरेर पेट पालिरहेकाहरू सधैँ छायाँमा पर्छन् । शहरको विकासबारे कुरा हुँदा सधैँभरि शहरको भौतिक विकासबारे चर्चा गरिन्छ । बाटोघाटो, पार्क वा शालिक जस्ता कंक्रिटका संरचना निर्माणका मात्रै कुरा

हुन्छन् र यसलाई मात्रै विकासको नाम दिइन्छ । शहरको भौतिक (वा कस्मेटिक) मूल्य बढाउने ध्याउन्नमा राज्यका निकायहरू मानवीय मूल्यको भने अवमूल्यन गरिरहन्छन् ।

शहरका नीति नियमहरू धनाढ्य र ठूला घरमा बस्न सक्ने, निजी सवारी साधन चढ्न सक्ने, प्रशस्त पैसा खर्च गरेर व्यवसाय दर्ता गर्न सक्ने, प्रशस्त घरभाडा तिरेर ती व्यवसाय सञ्चालन गर्न सक्नेहरूका हितमा मात्रै बनाइन्छन् । धनाढ्यहरूलाई हिँड्ने बाटो साँघुरो भएकोमा सडकमा व्यापार गरेर दुई छाक टार्नेहरूलाई नगरपालिकाले लछारपछार र दुर्व्यवहार गर्छ, तर उनै धनाढ्यहरूले प्रयोग गर्ने महँगा सवारी साधन पार्किङ गर्नका लागि भने उही सडकको आधाभन्दा बढी भाग प्रयोग गर्न दिन्छ । त्यति मात्रै होइन सम्पन्न र शक्तिशालीहरूले उल्लंघन गरिरहेका भवन निर्माणका मापदण्ड, सार्वजनिक जमीन, सडक वा खोलानाला मिच्ने, वा ठूला उद्योगपतिहरूले गरिरहेको कर छली जस्ता गैरकानूनी कामविरुद्ध भने नगरपालिका मौन रहन्छ । यसले सम्पन्नहरूमाथि केही गर्न नसक्ने र विपन्नहरूलाई मात्रै दमन गरेर उनीहरूको गास खोस्ने राज्यका निकायहरूको “शक्तिको राजनीति” पनि उजागर गर्दछ ।

एकातिर महिलाको आर्थिक सशक्तीकरण वा उनीहरूलाई स्वावलम्बी बनाउने र यसका लागि राज्यले घोषणा गर्ने विभिन्न नीति नियम वा महिला हिंसा विरुद्धमा राज्यको प्रतिबद्धता जस्ता कुराका चर्चा बेलाबेला भइरहन्छन् । अर्कातिर सडकमा स-साना व्यापार गरेर आफ्ना बालबच्चा पालिरहेका महिलामाथि हिंसा गर्न राज्यले आफ्नै निकाय नगरपालिकालाई छुट पनि दिइराख्छ । यसले राज्यको दोहोरो चरित्र देखाउँछ । विपन्न भएकै आधारमा कुनै नागरिकको मर्यादा पूर्वक बाँच्न पाउने संवैधानिक अधिकार राज्यद्वारा हनन् गरिनु अवैधानिक र अमानवीय समेत छ । यसले नागरिकको हकहित र मर्यादित जीवनयापनका लागि कानूनमा उल्लिखित नीति नियमप्रति राज्यका निकायहरू इमान्दार छैनन् भन्ने कुराको पुष्टि गर्दछ ।

## धन्यवाद

यो लेख लेख्नका लागि शुरूआती उत्प्रेरणा जगाउने र पटक-पटक औपचारिक/अनौपचारिक कुराकानीका लागि समय दिने प्राध्यापक चन्द्रा भद्रालाई धन्यवाद । सडकमा व्यापार गर्दागर्दै र नगर प्रहरीले कुनै पनि बेला झम्टिन सक्ने त्रासको अवस्थामा समेत बारम्बार आफ्ना कथा सुनाउन तयार हुने पोखरा चिप्लेढुंगाको सडकपेटीमा व्यापार गर्ने महिलाहरूप्रति आभारी छु । कुराकानीका लागि समय दिएकोमा पोखरा लेखनाथ महानगरपालिकाका प्रमुख मानबहादुर जिसी, कानून अधिकृत नारायण शर्मा र निरीक्षण महाशाखा प्रमुख वसन्त चालिसेलाई धन्यवाद । लेखको मस्यौदामाथि टिप्पणी गरिदिएकोमा प्रत्यूष वन्त, नीति अर्याल खनाल र अर्जुन पन्थीलाई धन्यवाद । सडक व्यापारीबारे महत्त्वपूर्ण जानकारीमूलक कुराकानीका

लागि समय दिनुका साथै आफ्नो स्नातकोत्तर तहको शोधपत्र उपलब्ध गराइदिएकोमा अनिल पराजुलीलाई धन्यवाद । आवश्यक सन्दर्भ सामग्री उपलब्ध गराइदिएकोमा शेखर पराजुली र मार्टिन चौतारीलाई धन्यवाद ।

## सन्दर्भ सामग्री

गिरी, राजेन्द्र । २०६३ । नेपालमा सहरी शासन । *सहरीकरण : जीविकाको विविध आयाम* । भास्कर गौतम र जगन्नाथ अधिकारी, सं., पृ. १५७–१८१ । काठमाडौँ : मार्टिन चौतारी ।

थापा, अनिल । २०७४ । एक बिरामी आमा जसले सडक पेटीमा मोजा बेचेरै छोरीलाई अमेरिका पढ्न पठाइन् । *लोकान्तर* । http://lokaantar.com/samachar/15574 मा उपलब्ध; असार ३, २०७४ मा हेरिएको ।

नेकपा एमाले । २०७४ । *पोखरा लेखनाथ महानगरपालिका घोषणापत्र* । पोखरा : नेपाल कम्युनिष्ट पार्टी एमाले ।

बानु, फातिमा । २०७४ । सडक व्यापारीलाई रोग । *कान्तिपुर* । www.kantipurdaily.com/news/2017/06/12/20170611205956.html मा उपलब्ध; जेठ २९, २०७४ मा हेरिएको ।

भण्डारी, सुधीर । २०७३ । बिमला दिदीको चिया पसल । *सेतोपाटी* । http://kinmel.setopati.com/byawasaya/41349/ मा उपलब्ध; चैत ७, २०७३ मा हेरिएको ।

सुवेदी, झलक । २०६३ । सहरी गरिबी र राज्य । *सहरीकरण : जीविकाको विविध आयाम* । भास्कर गौतम र जगन्नाथ अधिकारी, सं., पृ. १४१–१५३ । काठमाडौँ : मार्टिन चौतारी ।

Bhowmik, Sharit K. 2005. Street Vendors in Asia: A Review. *Economic and Political Weekly*, May 28–June 4. Available at www.wiego.org/sites/wiego.org/files/publications/files/Bhowmik-Street-Vendors-Asia.pdf; accessed November 23, 2017.

Fukuda-Parr, Sakiko. 1999. What Does Feminization Of Poverty Mean? It isn't Just Lack of Income. *Feminist Economics* 5(2): 99–103. Available at http://citeseerx.ist.psu.edu/viewdoc/download?doi=10.1.1.605.8761&rep=rep1&type=pdf; accessed July 5, 2017.

Parajuli, Anil. 2013. Livelihood Opportunities of Street Vendor: Study of Ason, Indrachowk and Khulamanch of Kathmandu Metropolitan City. MA thesis, Tribhuvan University.

Raut, Bishnu and Rudra Suwal. 2009. Measuring Informal Sectors Economic Activities in Nepal. Paper prepared for the Special IARIW-SAIM Conference on "Measuring the Informal Economy in Developing Countries," September 23–26, Kathmandu. Available at www.iariw.org/papers/2009/7%20Suwal.pdf; accessed July 5, 2017.

## लेखक परिचय

**सावित्री गौतम** पोखरा निवासी सञ्चारकर्मी हुन् । कुनै समय रेडियो पत्रकारितामा आबद्ध उनी राष्ट्रिय दैनिकहरूमा स्वतन्त्र स्तम्भलेखन गर्छिन् । गौतम सञ्चारिका समूहकी पश्चिमाञ्चल क्षेत्रीय सचिव हुन् । इमेल : sabitrigautam2012@gmail.com